# आ.ब. ०७३।७४ को बजेट वक्तव्यमा समावेश भएका उद्योग मन्त्रालयसँग सम्बन्धित बुँदाहरु (बुँदा नं. १६४-१८४)

**औद्योगिक पूर्वाधारः उत्पादन र रोजगारीको आधार**

१६४. नेपाललाई आकर्षक लगानी गन्तव्यको रूपमा विकास गर्न नीतिगत र कानुनी सुधार गरिनेछ। व्यावसायिक लागतका सूचकहरूमा सुधार गरिनेछ। प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न अनुकूल कानुन निर्माण, सुमधुर श्रम सम्बन्ध स्थापना, शान्तिपूर्ण वातावरण र लगानी सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था मिलाइनेछ।

१६५. निजी क्षेत्रको प्रवर्द्धन गरी उद्योग विस्तार गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, कम्पनी ऐन, दामासाही ऐन, एक्रिडिटेशन ऐन, खानी ऐन, पेट्रोलियम पदार्थ तथा प्राकृतिक ग्यास ऐन संशोधन एवं नयाँ निर्माण गर्ने सम्बन्धी विधेयकहरू व्यवस्थापिका-संसद् समक्ष प्रस्तुत गरिनेछन्।

१६६. कानुनी र संरचनात्मक सुधार गरी उद्योग व्यवसायको दर्ता, खारेजी र दायित्व फरफारकका सम्पूर्ण प्रक्रियालाई सरल, स्पष्ट र पारदर्शी बनाइनेछ।

१६७. औद्योगिक तथा व्यावसायिक प्रयोजनका लागि आवश्यक जग्गा सहज रूपमा खरिद गर्न पाउने व्यवस्था गर्न हदबन्दी भन्दा बढी जग्गा राख्न छुट दिने आदेश, २०६८ मा संशोधन गरिनेछ।

१६८. वित्तीय सहलगानी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गरिनेछ। सुरक्षित कारोबार रजिष्ट्रारको कार्यालयले आगामी आर्थिक वर्षदेखि सेवा प्रारम्भ गर्नेछ। कानुनी सुधार गरी स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न दातृनिकायहरूलाई प्रोत्साहित गरिनेछ।

१६९. लगानीको रणनीतिक सोच भएका नवप्रवर्तनकारी उद्यमशील युवाहरूलाई लगानीको बिउ पूँजी उपलब्ध गराउन रू. १ अर्बको च्यालेन्ज फण्ड व्यवस्था गरेको छु। च्यालेन्ज फण्ड र प्राइभेट इक्विटीको उपयोग र सञ्चालन सम्बन्धी नीतिगत र कानुनी व्यवस्था गरिनेछ।

१७०. चालु आर्थिक वर्षमा स्थापना भएको पुनरुद्धार कोषलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ र निरन्तरता दिइनेछ। कोषमा सरकारको तर्फबाट जम्मा गर्नुपर्ने रकमका लागि बजेट व्यवस्था गरेको छु।

१७१. कृषि, वनजन्य र खनिज उद्योगले विशेष उद्योग सरहको आयकर छुट पाउने व्यवस्था मिलाएको छु।

१७२. चालु आर्थिक वर्षको प्रारम्भमा उत्पन्न भएको आपूर्ति प्रणालीको असहज परिस्थितिमा अघिल्लो वर्षको तुलनामा ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालन भएका उद्योगहरूले बुझाउनुपर्ने सो अवधिको विद्युतको डिमाण्ड शुल्क छुट दिने व्यवस्था मिलाएको छु।

१७३. ठूला उद्योग व्यवसाय सञ्चालन गरिने क्षेत्रमा सडक र विद्युत प्रसारण लाइन निर्माण गर्न सरकारले प्राथमिकता दिनेछ। उद्योग व्यवसायलाई नियमित विद्युत आपूर्तिका लागि डेडीकेटेड फिडर उपलब्ध गराइनेछ। आगामी दुई वर्षभित्र उद्योग व्यवसायलाई आवश्यक पर्ने विद्युत र इन्धन पर्याप्त मात्रामा उपलब्ध हुने सुनिश्चित गरिनेछ।

१७४. आगामी आर्थिक वर्षमा **नेपाल लगानीकर्ता शिखर सम्मेलन** आयोजना गरिनेछ।

१७५. झापाको दमक, सर्लाहीको मुर्तिया, मकवानपुरको हेटौंडा, रूपन्देहीको मोतीपुर, बाँकेको नौबस्ता, सुर्खेतको विरेन्द्रनगर, कैलालीको लम्की र कञ्चनपुरको दैजीमा आधुनिक औद्योगिक क्षेत्र स्थापनाको कार्य अगाडि बढाइनेछ। एक प्रदेश एक औद्योगिक क्षेत्रको नीति अवलम्बन गरिनेछ।

१७६. नयाँ स्थापना हुने औद्योगिक क्षेत्रहरूलाई विशिष्टीकृत वस्तु उत्पादन गर्ने विशेष औद्योगिक क्षेत्रको रूपमा विकास गरिनेछ। सिमरामा तयारी पोशाक उत्पादन क्षेत्रको स्थापना कार्य आगामी दुई वर्षभित्र सम्पन्न गरिनेछ। सार्वजनिक निजी साझेदारीमा सुर्खेतमा जडिबुटी, जुम्ला र मुस्ताङ्गमा स्याउ प्रशोधन केन्द्र स्थापना गरिनेछ।

१७७. आगामी दुई वर्षभित्र काठमाडौं उपत्यकाभित्रका औद्योगिक क्षेत्रहरूलाई उपत्यका बाहिर स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ।

१७८. सरकारी स्वामित्वमा रहेका रूग्ण उद्योगहरूको स्वामित्व सरकारमै रहने गरी लगानी व्यवस्थापन र सञ्चालन गर्न निजी क्षेत्रलाई लिजमा उपलब्ध गराउने नीति लिइनेछ।

१७९. सरकारले निःशुल्क उपलब्ध गराउने औषधि मुलुकभित्रै उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। ब्याट्री डिस्पोजल गर्ने र पुनरुत्पादन गर्ने कारखानाले आयात गर्ने मेशिनरीमा मूल्य अभिवृद्धि कर छूट दिई एक प्रतिशत मात्र भन्सार महसूल लिने व्यवस्था मिलाएको छु।

१८०. खानी, खनिज, पेट्रोलियम, ग्यासजन्य वस्तुहरूको मौज्दात पहिचान गरी बृहत् राष्ट्रिय खानी इन्भेन्ट्री तयार गरिनेछ। यसका आधारमा खानी तथा खनिजजन्य उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

१८१. महिला उद्यमीहरूलाई परियोजनाको आधारमा बिना धितो सहुलियत ब्याजदरमा ऋण प्रवाह गर्न उद्यमशीलता विकास कोषमा रू. १८ करोड थप गरेको छु।

१८२. दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गर्न **भगत सर्वजित शिल्प उत्थान तथा विकास केन्द्र** स्थापना गर्न बजेटको व्यवस्था गरेको छु।

१८३. औद्योगिक प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न सरकारी निजी साझेदारीमा चितवनमा इन्डष्ट्रियल सेन्टर फर एक्सिलेन्स स्थापना गरिनेछ।

१८४. उद्योग क्षेत्रका कार्यक्रमहरू सञ्चालन गर्नका लागि रू. ७ अर्ब ५ करोड विनियोजन गरेको छु।